## घोषणापत्र न : ३

यो घोषणापत्र न : ३ राष्ट्रिय स्तरको हो । म अरु कुराहरु जान्दिन । जसरी पनि यो घोषणापत्र नेपालमा लागु गरेरै छाड्छु । सबै जनाको साथ र सहयोगमा यो लागु गर्नु सामान्य कुरा हो ।

नेपाललाई अमेरिका भन्दा शक्तिशाली, चीन भन्दा धनी, जापान भन्दा औद्योगिक, वेलायत भन्दा विकसित, फ्रान्स भन्दा सुन्दर, इटली भन्दा सभ्य, क्यानडा भन्दा उर्वर, स्केन्डेनिभियन देशहरुहरु भन्दा सामाजिक, न्युजीलैण्ड भन्दा आधुनिक, सिंगापुर भन्दा प्रगतीशिल, स्वीजरलैण्ड भन्दा शान्तिप्रिय, भारत भन्दा ज्ञानभुमि बनाउनु छ भने। बेलायतले २०० वर्षमा नगरेको उन्नती अमेरिकाले १०० वर्षमा गरो । अमेरिकाले १०० वर्षमा नगरेको उन्नती जापानले ५० वर्षमा गऱ्यो । जापानले ५० वर्षमा नगरेको उन्नति दक्षिण कोरीयाले २५ वर्षमा गऱ्यो । दक्षिण कोरीयाले २५ वर्षमा नगरेको उन्नती सिंगापुरले १५ वर्षमा गऱ्यो । सिंगापुरले १५ वर्षमा नगरेको उन्नति नेपालले कसरी १० वर्षमा गर्न सक्ने रहेछ त । नेपालमा अहिले रोग भोक गरिबि अज्ञानता अशिक्षा पछौटेपना अमानवियकरण कुरीति कुसंस्कार अन्याय अत्याचार शोषण दमन भ्रष्टाचार आदि लटरम्मै फलेका छन, यसको ठाउँमा विकसित आधुनिक औद्योगिक र लोकतान्त्रीक नेपाल ढकमक्कै फुलाउने र लटरम्मै फलाउने हो भने यसपाली मलाइ लौरो चिन्हमा भोट दिनुहोस ।

**मलाइ मन पर्ने ५ भनाइहरु :**

१. यो जमिन मेरो पनि हो र यो जमिन तिम्रो पनि हो । यो जमिन तिम्रो पनि हो र यो जमिन मेरो पनि हो । त्यसैले यो हामी सबैको जमिन हो ।

२. यदि समाजमा भएको निष्पष्ट अन्धकारलाइ हटाउन यदि म वत्ति बनेर जल्दिन भने, यदि तिमी वत्ति बनेर जल्दैनौ भने  र हामी सबै जना बत्ति बनेर जल्दैनौ भने तब कसले हटाउने त यो निसाचर अन्धकार ।

३. म सिंहको बच्चा हो, त्यसैले बाघ भालु चितुवा फ्याउरो व्याँसो स्याल विराला हाइनाहरुसंग म कदापी डराउदिन । ४. शुरुमा उनिहरुसंग डेरा भाडा तिर्ने पैसा, भात खाने वा खाजा खाने पैसा, कतै बस चढेर जाने पैसा सम्म हुदैन्थ्यो । उनिहरुले राजनीति शूरु गरेर अपार सम्पति जोड्न सफल भए । मन्त्री वा संसद बनेपछि त्यसको दुरुपयोग गर्दै जनतालाइ संसार कै वढि कर लगाए । प्रतक्ष्य कर र अप्रतक्ष्य कर गरेर नेपालीहरु संसार कै वढि कर तिर्ने जनताहरु हुन । चुनावको बेलामा जनताको त्यहि करले जनतालाइ मासु भात खुवाउदछन । आफ्नै पैसाले मासु भात खान पाएकोमा जनताखुशि भएर उसैलाइ मत दिन्छन । जनताले बिकास गरेको खै त संसदज्यू भन्दा संसद भन्छन : मासु भात खाएर भोट दिएपछि के को विकास ।

५. विरालो कालो होस वा सेतो रङ्गमा कुनै आपत्ति छैन तर उसले मुसाहरु चाहि मारे कै हुनुपर्छ –नेता देङ्ग ।

मानिस वा जीवहरुले आआफ्नो वायो केमेष्ट्रि अनुसारका व्यवहारहरु देखाउँदछन । वायो केमेष्ट्रि अनुसार नै बाघ र गाइको व्यवहार फरक हुन्छन । महिला र पुरुषको फरक हुन्छन । मान्छेमा पनि कोहि किसान बन्न चाहान्छन भने कोहि राजनीति  गर्न मन पराउँदछन । सबैको आ–आफ्नो लक्ष्य हुन्छ ।  यसै सन्दर्भमा म चाहि राजनीति गर्न मन पराउने मानिस भएकाले मैले स्थानीयस्तर, राष्ट्रियस्तर र अन्तराष्ट्रियस्तरका योजना, कार्यक्रम र परीयोजनाका बारेमा प्रष्ट हुनुपर्छ । यसलाई कार्यान्वयन गर्ने नीति, रणनीति र कार्यदलका बारेमा निर्विकल्प बन्न सक्नु पर्छ । मैले सबै नेपालीहरुलाइ ज्ञान सिप अनुभव, विधि प्रविधि र पुजिको छेलोखेलो पुराइ दिनुपर्छ । केहि समय अगाडी मैले अबको २०० वर्ष पछाडी वा सन २२२२ वाट आजको सन २०२२ लाइ फर्केर हेर्दा भन्ने कार्यक्रममा सहभागि बन्ने मौका पाएकी थिए । त्यो कार्यक्रमले मलाई सन २२२२ मा कसरी पुग्न सकिन्छ वा त्यसका लागि आजवाट कस्तो तयारी गर्नु पर्छ भन्ने दुविधा रहेन ।

यसै विषयहरुलाइ आधार मानेर मैले नेपालमा पनि यी कार्यक्रमहरु शुरुआत गर्नु पर्छ भनेर आफ्नो घोषण पत्र न : ३ सर्वजनिक गरेकी छु । कार्यक्रमहरु नीतिगत रुपमा कार्यन्वयनका लागि नेपालको संविधान २०७२ को धारा २७४ र २७५ लाइ पनि आधार मानिनेछ ।

हाम्रो दर्शन : केन्द्रिकृत राजनीति, विकेन्द्रित अर्थनीति र उदार समाज नीति हुनेछ ।

हाम्रो नारा : Our Money Our Right हाम्रो पैसा हाम्रै अधिकार

**नेपाल विकास गर्ने प्रणाली** : हामीले देश विकास गर्न एउटा प्रणालीको विकास गरेका छौ जस अन्तरगत हामी १६५ संघयि निर्वाचन क्षेत्रहरुमा र ७५३ वटा स्थानीय सरकारहरुमा विद्यार्थी संसदहरुको स्थापना गर्दछौ । त्यो संसदलाइ विद्यार्थी संसदको पाठ्यक्रमको सैदान्तिक ज्ञान दिन्छौ र व्यावहारिक अभ्यास पनि गराउदछौं । यसरी विद्यार्थी संसदको पाठ्यक्रमले नेपालको विकास १० वर्षमा सम्भव हुनेछ । यी विद्यार्थी संसदको कोर्ष पढ्ने विद्यार्थीहरु हालका संसद मन्त्री प्रधानमन्त्री राष्ट्रपति भन्दा सयौ गुणा अव्वल हुनेछन । यी तालिम प्राप्त विद्यार्थी संसदले तोकेको प्रतिनिधि मात्र संसद वा स्थानीय निकायहरुको उम्मेद्धार बन्न सक्नेछ ।

यी नीति र कार्यक्रम लागु गरेमा मात्र विकसित आधुनिक औद्योगिक र लोकतान्त्रीक नेपाल बनाउन सकिन्छ ।

१.कर्मचारी प्रशासनमा One Door Policy, Home Delivery Service नीति लागु गरीनेछ । यसको मतलव सेवाग्राहिले आफ्ना डकुमेण्टसहरु कार्यलयको एउटा कोठामा दर्ता गरेपछि ति कर्मचारीहरुले सम्पुर्ण कामहरु सकेर सेवाग्राहिका घरमा कागजातहरु पुराइ दिनेछन । स्थायी कर्मचारी रहने व्यावस्थाको अन्त्य गरीनेछ । व्याक्तिको दक्षता क्षमता योग्यता र प्रतिभाका आधारमा कर्मचारीहरु नियुक्ति हुनेछन । महालेखा परीक्षकको प्रतिवेदनहरुलाइ आधार मानेर हालको कर्मचारी संख्यामा ८० प्रतिशत कटौती गरीनेछ । सबै कर्मचारी प्रविधिमैत्री हुनेछन । कर्मचारी संगठनहरुको विघटन गरीनेछ । संविधानको भाग २३ परीमार्जित गरीनेछ । धारा ५१ ख को ४ लाइ आधार मानिनेछ । । मन्त्रालयको सचिवलाइ त्यहि मन्त्रालयको सहायक मन्त्रीको प्रोटोकल दिइनेछ ।

२. नेपालका विदेश स्थित दुतावासहरुको संख्या र कर्मचारी भारी मात्रामा कटौती गरिनेछ । नेपाली वा अरुले गरेको दुतावासको फोन मात्र नउठाएमा राजदुतको पद चट् हुनेछ ।

३. नेपालमा Inheritance Law मा परीवर्तन गरीनेछ अथवा पैत्रिक सम्पतिको पुस्तान्तरण हुने नियमको अनत्य गरीनेछ । कसैको शेष पछि उसको जग्गा लगायत अन्य सम्पतिहरु सरकारको हुनेछ । चल सम्पतिहरु भने पुस्तान्तरण हुनेछन । संविधानको धारा २५ को उपधारा ३ र धारा ५१ को ङ को ३ लाइ आधार मानिनेछ । हाल अदालतमा ८२ प्रतिशत मुद्धामामिलाहरु जग्गा जमिनसंग सम्बन्धित छन ।

४. नेपालभरी शिक्षा स्वास्थ्य इन्टरनेट विद्युत खानेपानी सरकारले नि : शुल्क गर्नेछ ।

५. नेपाल सरकारले बैंक, यातायत, स्वास्थ्य, शिक्षा, कृषि, उद्योगहरु, शहरीकरण आदिलाइ राष्ट्रियकरण गर्नेछ । Liberalization, Privatization, and Globalization लाइ राष्ट्रिय हितमा मात्र प्रयोग गरिनेछ ।

६. हामी सबै ३ करोड नेपालीहरुलाइ शहरमा बसाइनेछ । ६० लाख परीवारलाइ Cosmopolitan City, Metropolitan City, Mega City, Smart City, Satellite City and Local city मा बसाइने छ । सबै शहरहरुका ३६ वटा पुर्वाधारहरु अनिवार्य हुनेछन । यो नियम संविधानको धारा ३७ संग सम्बन्धित छ ।

७. सामुदायिक सेवा केन्द्र : प्रत्येक २५ / २५ वटा घरहरुको Community Service Centre CSC स्थापना गरिनेछ । CSC ले ति २५ घरको जिवन स्तर, जिवन पद्धती र जिवन शैलि विश्व स्तरको बनाउनेछ । Digital Society को स्थापना गरीनेछ । विवाह मरीमराऊ जस्ता सामाजिक काममा स्थानीय सरकारले सबै व्यावस्थाहरु गरी दिनेछ ।

८.सबै नागरिकहरुमा हालको Leader Centric Development Approach अन्त्य गर्दै People Centric Development Approach लागु गरिनेछ । अथवा प्रत्येक नागरिकहरुलाइ गर्भमा रहे देखि चिहान वा घाटमा जलाउदा सम्म सरकारले नीजको सबै पक्षको जिम्मा जमानी लिनेछ । आज ११ सय जना प्रहरीहरु अतिरिक्त नेताको सुरक्षाका लागि खटाइएका छन ।

९. जनताको शेयर : केन्द्रिय वा स्थानीय स्तरमा स्थापना भएका उद्योग वा फार्महरुमा स्थानीय सबै घरहरुको शेयर अनिवार्य हुनेछ ।

१०. आधुनिक मोटरकार र हेलिकप्टर कम्पनिको स्थापना : नेपालमा विद्युतिय मोटरकार कम्पनि र हेलिकप्टर कम्पनिको स्थापना गरीनेछ । यसबाट प्रत्येक नागरिकसंग २ वटा बाइक, सबै घरहरुमा २ वटा कारहरु, सबै वडाहरुमा ६/६ वटा सर्वजनिक वसहरु, ६७४३ वटै वडाहरुमा एक एक वटा हेलिकप्टर सुविधाहरु हुनेछन । नागरिकहरुले वाइक किस्तामा तिर्ने गरी रु. ५० हजारमा पाउने छन । कार रु. १ लाखमा, बस १० लाखमा र हेलिकप्टर रु. १ करोडमा पाइने छ । यिनीहरुमा केवल ५ प्रतिशत मात्र कर लिइनेछ । हामीले पुर्व पर्यटन मन्त्री प्रेम बहादुर आलेलाइ नेपालमा हेलिकप्टर कम्पनि खोल्ने प्रस्ताव लैजान्दा उनले नेपालमा किन हेलिकप्टर कम्पनि खोल्नु परो र भनेका थिए । महाविर पुनले सानाखाले हवाइ जहाज बनाउन सक्छन ।

११. आम उत्पादन : हालको खण्डहर कृषिको विकल्पमा आम उत्पादन गरिने कृषि फार्महरु स्थापना गरिनेछ । तराइमा एउटा खेतको गरो ३ किमि लामो र २ किमि चौडाइको बनाइने छ । यो सबै प्रविधि मैत्री हुनेछ । यसवाट हालको भन्दा चौबर उत्पादन गर्न सकिन्छ । यो नियम संविधानको धारा २५ को ४ संग सम्बन्धित छ । पहाडमा पनि यो प्रणाली लागु गरिनेछ । पहाड र हिमालमा पनि विसाल विसाल क्षेत्रफलमा महंगा रुखहरुका जंगलहरु, फलफुलहरु, जडिबुटीहरु आदिका खेतीहरु गरीनेछन । यसबाट नेपालमा किसानी व्यावसाय गर्ने संख्या हालको ६७ प्रतिशतबाट घटेर ५ प्रतिशत मात्र हुनेछ ।

१२. विसाल सर्वजनिक पशुपालन फार्महरु : २५ देखि ५० घरहरुको सामुहिक जिम्मामा हज्जारौ गाइ भैषि बाखा सुगुर हाँस परेवा खरायो मौरी पालन स्याल पालन कालेज पालन आदिको फर्महरु स्थापना गरिनेछ । फर्मको उत्पादनहरु सबै घरहरुका नागरिकहरुमा समान वितरण गरिनेछ । चिनमा एउटा गाइ फर्ममा १० लाख गाइहरु पालिन्छन ।

१३. भात खाने चलन हट्छ : हाल नेपालका दिदि बहिनीहरुको विहान दिउसो र बेलुकाको जम्मा गरी ११ घण्टा समय भात खाजा बनाएर र भाडा माझ्दा जाने गरेको छ । तर यो भात खाने चलनको अन्त्य गर्न अत्याधुनिक प्रकारका र सबै पौष्ट्रिक तत्व Nutrition Values हरु पाइने र अति नै स्वादृष्ट परिकार बनाउने योजना त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका प्राध्यापकहरु तथा अन्य पोषणविद्धहरुले खाका तयार गरेर उद्योग मन्त्रालयमा बुझाइ सक्नु भएको छ । यो प्रणालीले हालको भात पकाउने चलनलाइ विस्तापित गर्नेछ । भातको विकल्पमा अनेकौ प्रविधि र तरीकाहरु आएका छन । तर अन्न भरसक बोटबाट टिपेको १० महिना अगाडी खाने, फलफुल जुस नबनाइ खाने, तरकारी कम पकाएर खाने, दिनहु स्वादिष्ट खाना खाने र बनाउने प्रविधिहरु कति हो कति बनिसकेका छन । हाल बन्दै गरेको धादिङ्गको बुढी गण्डकी जलासयमा वार्षिक २ करोड जनालाइ पाल्न सक्ने माछा हाँस सि फुड जलकमलका गानो आदि उत्पादन गर्न सकिन्छ ।

१४. प्रविधि मैत्री जीवन शैली : नेपालीहरुले आज गरी रहेका सबै कामहरुलाइ प्रविधि मैत्री बनाइने छ । गाइ दुने, घाँस काट्ने, लुगा धुने, खाना बनाउने, विऊ छर्ने, हिनडुल गर्ने आदि सबै प्रकृयाहरुलाइ प्रविधिमैत्री बनाइनेछ ।

१५. विसाल विसाल उद्योगहरुको स्थापना : नेपालमा आयुर्वेदिक औषधी कम्पनि, ठुलाठुला गार्मेन्ट कम्पनि, हिऊ पानी कम्पनि, वातावरण मुल्याङ्कन गरी रोडा ढुङ्गा कम्पनि आदि स्थापना गरीनेछ र निर्यात गरीनेछ । यसमा युरेनियम, पेट्रोल जस्ता खानी उत्खनन् र प्रशोधन पनि पर्दछन ।

१६. सबै नागरिकहरलाइ ५० वटा सिपहरुमा कौशल बनाउने : नेपालका कक्षा ८ देखि १२ सम्म अध्यान गर्दा ६० महिना हुन्छन । यी प्रत्येक महिना विद्यार्थीले १/१ वटा जिवन उपयोगी सिपहरु सिक्नु पर्नेछ । जस्तो : सबै प्रकारका सवारी साधनहरु चलाउन सक्ने, सबै क्षेत्रमा चाहिने निवेदनहरु लेख्न सक्ने, व्यापार गर्न सक्ने, एक्लै १५ दिन कतै डुलेर आउन सक्ने आदि । यसले भविष्यमा त्यो बच्चा अति नै सक्षम बन्नेछ । यी सिपहरु सिके पछि प्रत्येक नागरिकहरुले हप्तामा २० घण्टा सरकारी काम अनिवार्य गर्नु पर्नेछ । यसमा कार्यलय संचालन देखि कृषि सम्म पर्न सक्छन । यी सिपहरु सिके पछि युवाहरु रोजगार स्वरोजगार र वेरोजगारका बारेमा आफै विश्वका लागि पण्डित बन्नेछन ।

१७.  २१ खर्ब ऋण : नेपालले विस २०७४ सम्म आन्तरिक र बाह्य गरी जम्मा रु. ६ खर्ब मात्र ऋण लिएको थियो । तर विस २०७९ असार मसान्त सम्म नेपालको ऋण रु. २१ खर्ब पुगेको छ । अथवा ५ वर्षमा कसरी रु. १५ खर्ब ऋण पुग्यो ? अथवा त्यो १५ खर्ब कुन कुन कार्यक्रममा खर्च गरियो ? यसरी नचाहिने काममा ल्याएको साऊको किस्ता र व्याज मात्र वर्षमा नेपाली जनताले  रु. २ खर्ब तिर्न थालेका छन । यसमा छलफल हुनुपर्छ र जसले ल्यायो उसैले ऋण तिर्नेछ ।

१८. ४८ खर्ब ऋणको कथा : नेपालका विकास बैंक वाणिज्य बैंक र वित्तीय संस्थाहरुबाट २०७९ असार सम्म रु. ४८ खर्ब ऋण प्रवाह भएको छ । जस मध्ये १०० जना कथित ऋणीहरुले रु. ३१ खर्ब ऋण लगेका छन । जसमा एउटै व्यापारीले रु. ४० अर्ब सम्म विना धितो ऋण लगेको छ ।  तर उता १८ लाख सर्बसाधारण नेपाली ऋणीहरुले भने रु. १७ खर्ब मात्र ऋण लगेका छन । यसरी ऋण दिनमा पनि पक्षपात भएको छ ।

१९. १० देखि १५ वर्षमा सबै नेपालीको बैक खातामा रु. ५ करोड मौजाद गरीनेछ ।  सबै ३ करोड नागरिकहरुलाइ अनेकौ गरिबि मुक्त हुने नीति र कार्यक्रम लागु गरेर सबैका बैंक खातामा रु. १० करोड वचत गराइनेछ । पहिला ऊ के गरेर करोडपति बन्छ सो लक्ष्य निर्धारण गरेर मात्र काम गराइनेछ ।

२०. वार्षिक बजेट प्रणलीमा परीवर्तन गरी फोकस्ड योजनामा मात्र  खर्च गरीनेछ । अवको बजेट १ वर्षे, २ वर्षे, ३ वर्षे, ४ वर्षे र ५ वर्षे सम्मका हुनेछन ।

२१. National Money Control Software : अबका दिनहरुमा केन्द्रिय बैंकले सबैजनाको  पैसालाइ डिजिटल मनिमा परीवर्तन गर्नेछ । स्वीडेनमा जस्तो डिजिटल मुद्रा मात्र कारोवार हुनेछ । यसो भएमा सबै हिसाब किताब प्रष्ट हुनेछ । कोसंग कति रकम छ र कसले कहाँ कति खर्च गरो भन्ने सानो रेकर्ड पनि सजिलै थहा पाइन्छ । क्रिप्टो करेन्सिलाइ पनि क्रमस : वैधानिक मुद्रा बनाइनेछ । विश्व बैंकले नेपालमा National Money Control Software बनाउन खोज्दा तल्कालिन अर्थमन्त्रीले रोकेका थिए । किनकि यसपछि भ्रष्टाचार गर्न सकिने थिएन ।

२२. हाल नेपालमा संयुक्त राष्ट्र संघका २५ वटा एजेन्सिहरु, २५ वटै देशहरुका अन्तराष्ट्रिय सहयोग नियोगहरु, ३०० वटा अन्तराष्ट्रिय गैससहरु साथै अन्य दातृ निकायहरु छन । तर यी सबै निकायहरुले  नेपाललाइ सहयोग गरेको नाममा भित्रभित्रै उल्टै गरिब बनाएका हुन्छन । त्यसैले यी सबै निकायहरुको सहयोगहरु रोक्का गरीनेछ । तर विश्व बैंक, एसियन विकास बैंक र अन्तराष्ट्रिय मुद्रा कोषको अनुदान तथा ऋण सहायता भने स्वीकानु पर्छ ।

२३. घाटामा गएका सबै संस्थानहरु बन्द गरीनेछ र कसले घाटामा पुराएको हो उनिहरुबाट क्षतिपुर्ति असुलउपर गरिनेछ । हाम्रो समुहले विस २०६७ साल  देखि संकलन गर्दै आएको  भ्रष्टाचार सम्बन्धमा प्रकाशित भएका लगभग २००० वटा तथ्यहरु पनि प्रकाशन गर्नेछौ ।

२४. विद्यार्थी ससंद कोर्ष लागु : माथि प्रणालीमा उल्लेख गरिए जस्तै हामीले १६५ निर्वाचन क्षेत्र र ७५३ वटा स्थानीय निकायहरुमा विद्यार्थी संसदको कोर्ष बनाएर लागु गर्नेछौ । यो कोर्षमा सैदान्तिक र व्यावहारीक २ पक्षहरु हुन्छन । जस्तो सैदान्तिकमा विद्यार्थी संसद कोर्ष पढनेहरुले राजनैतिक दल सम्बन्धि ऐन, दलहरुको विधान र घोषणा पत्र बनाउने तरीका, प्रतिनिधि सभा नियमावलि आदि २५ वटा पाठ्यपुस्तकहरु पढ्नेछन । साथै उनिहरुले संसदमा हुने सबै क्रियाकलापहरु पनि गर्नेछन । हिउदे अधिवेशनमा गैरसरकारी विलहरु पनि पेश गर्न सक्नेछन । विद्यार्थी ससंदलाइ अन्तराष्ट्रिय स्तरका क्षमतावृद्धि गराउन सकिने Higher Mental Function का  Trainings हरु दिइनेछ ।

२५.  New Six World  Order : विद्यार्थी संसदले हिउदे अधिबेशनमा यी ६ वटा व्यावस्थालाइ  आधार मानेर योजना बनाउनेछन । जसमा 1. New Universal Order, 2. New Global Order, 3. New National Order, 4. New Social Order, 5. New Family Order, 6. New Individual Order

२६. विद्यालयमा ५ भाषा अनिवार्य : अवका विद्यार्थीहरुलाइ विश्वस्तरका नागरिक बनाउन ३ वर्षको उमेर देखि ८ वर्षको उमेर सम्म नेपाली अंग्रेजी हिन्दि चाइनिज र संस्कृत भाषा बोल्न लेख्न पढ्न र सुन्न सक्ने शिक्षा नीति बनाइनेछ । यी भाषाका ज्ञानले उनिहरुले 4 freedoms : 1. Academic or Intellectual Freedom, 2.

Financial Freedom, 3. Time Freedom and 4. Entertenment Freedom दिनेछ । जसका आधारमा उसले Life Management गर्न सक्छ जस्तो : 1. Mind Management, 2. Program Management, 3. Time Management, 4. Financial Management and 5. Entertenment Mamengment

२७. नेपालमा Research and Development वा Knowledge Based Industry बनाइनेछ । Project Bank का आधारमा नागरिकहरुलाइ सहुलियत ऋण वा सहयोग दिइनेछ । विना धितो तपाइको १० वर्षे योजनाले सहुलियत ऋण पाउने छ ।

२८. हालको शिक्षा नीतिका पाठयक्रम शिक्षक शिक्षण विधि र परीक्षा प्रणालीमा विकल्पै विकल्पको व्यावस्था गरिनेछ । परीक्षा प्रणाली विद्यार्थीले रोजे जस्तै हुनेछ । नेपालमा विश्वका प्रख्यात १० वटा परीक्षा प्रणालीहरु लागु गरीनेछ । शिक्षा क्षेत्रमा हालको सबै परिपाटी हटाइनेछ । १५ वर्षको उमेर देखि नागरिकहरुले उच्च स्केलको आय आर्जन गर्न सक्नेछन । पढाइ र अनुसन्धान पनि समानान्तर रुपमा लैजानेछन ।

२९. प्रत्यक्ष राष्ट्रपति शासन : नेपालको नागरिकहरुको मानसिकता र भुगोललाइ अध्यान अनुसन्धान गर्दा नेपालमा पनि अमेरिका, चिन, रुष जस्तै प्रत्यक्ष कार्यकारी राष्ट्रपति शासन चाहिने देखिन्छ । नेपालको संविधानको भाग ६ मा संसोधन गरेर प्रत्यक्ष राष्ट्रपति शासन कायम गराउनु पर्छ ।

३०. नेपाल सरकारमा जनताद्धारा निर्वाचित संसदहरुले मन्त्री बन्न पाउने छैनन । संसद भन्दा बाहिरका विषय विज्ञहरु मन्त्री बन्नेछन ।

३१. नीति बनाउदा Satisfaction Survey लाइ आधार मानिनेछ । जस्तो People Satisfaction Survey, Sex Satisfaction Survey, Student Satisfaction Survey, Farmer Satisfaction Survey आदि ।

३२. संविधानको धारा ८४ को ८ उपधाराको समानुपातिक प्रणाली र अन्य आरक्षण प्रणालीहरुको अन्त्य गरीनेछ । समानुपातिक प्रणाली राजनीतिको ऐंजेरु मात्र बन्यो ।

३३. संसदमा विज्ञहरुलाइ part time संसदहरुको रुपमा नियुक्ति गरीनेछ ।

३४. निर्वाचन प्रकृया र प्रणालीमा परीवर्तन गर्ने : हाल भइरहेको निर्वाचन प्रकृयामा परीवर्तन गरीनेछ । जसमा ई–भोटिङ प्रणालीद्धारा मतदान हुनेछ । नेपाली मतदाताहरुले हुलाकद्धारा वा इमेलद्धारा आफ्नो मतदान सजिलै दिन सक्ने छन । मतदाताको उमेर १६ वर्षको बनाइनेछ ।

३५. प्रदेश सरकार बन्द स्थानीय सरकारलाइ विषेश अधिकार दिने : नेपालमा केन्द्रिय सरकार रहने छ । प्रदेश सरकार बन्द गरीनेछ । ३०० वटा स्थानीय सरकारहरु बनाएर उनिहरु मार्फत ३ करोड नेपालीका ६० लाख घरहरु विश्वका विकसित नागरिकहरुबस्ने घरहरु बनाइनेछ ।

३६. जन प्रतिनिधि वा संसद वा कुनै पनि निर्वाचित पद लगातार २ पटक भन्दा उम्मेद्वार बन्न पाउने छैन ।

३७. परराष्ट्र नीति : हामीले परराष्ट्र नीति बनाउँदा ६० प्रतिशत आत्मानिर्भर, ३० प्रतिशत अन्तरनिर्भर र १० प्रतिशत परनिर्भरतालाइ जोड दिनेछौं । चाहे त्यो सेवा व्यापार कुटनीति वा अन्य जुनसुकै विषयहरु किन नहोस । चिनको विआरआइ, अमेरिकाको एमसिसि लगायत भारत यूरोपियन युनियन जापान अष्ट्रेलिया र रुषका विश्वव्यापी योजनाहरु माथि नेपालको हितमा मात्र काम गरिनेछ ।

३८. नेपालको संविधान २०७२ को धारा १६ को उपधारा २ संसोधन गरी, धारा २७४ र २७५ लाइ आधार मानेर नावालिका बलत्कार, ठुलाखाले भ्रष्टाचार जस्ता मुद्धामा आजन्म जेल वा मृत्यु दण्डको कानुन बनाइने छ । नेपालमा २० पारी विहेवारी भने जस्तै अमेरिकाको न्यूयोर्कमा आमा बुबाको सहमति भएमा १४ वर्षको उमेरमा विवाह गर्ने सकिने कानुन छ । अमेरिका, भारत, चीन, बंगलादेशहरुमा मृत्यु दण्डको कानुन छ ।

३९. नेपालका जेलमा रहेका २३ हजार बन्दि कैदिहरुलाइ उनिहरुले सुहाउने खालका कामहरुमा लगाइनेछ । उनिहरु आफैले कमाइ पनि गर्नेछन, बचत पनि गर्ने छन र राज्यले उनिहरुलाइ निः शुल्क पाल्ने आर्थिक भारबाट मुक्त हुनेछ । यो उच्च कोटीको श्रम शिविर हुनेछ । जेल ग्रामको निर्माण गरीनेछ ।

४०. नेपाल भरीमा अपांगता भएका सबै जनालाइ  एकै स्थानमा काम  गर्ने गरी  क्षमता अनुसारको अवसर दिइनेछ । उनिहरुले आफु जस्तै अरुलाइ देखेर पनि पिडा कम गर्नेछन । काम अनुसारको वचत पनि राम्रो हुनेछ । नेपालमा अपांग ग्रामको स्थापना गरीनेछ ।

४१. खुल्ला समाजको अवधारण विकास गरीनेछ । सबै नागरिहरुमामा सामाजिक न्याय, आर्थिक समानता र व्याक्तिगत स्वातन्त्रता अनिवार्य हुनेछ । नेपालीहरुलाइ केवल मतदाता र करदाता मात्र बनाइएका छ । उनिहरुलाइ सुविधाहरुका पार्टनरहरु समेत बनाइनेछ ।

४२. International Rating Standard Scale : घरधनिले आफु २० वर्षको उमेर भएदेखिको आयव्याय देखाउनु पर्नेछ ।  देशभरीमा बनेका सबै घरहरुको श्रोतहरु घर धनिले वैधानिक रुपमा खुलाउनु पर्नेछ । घर बनाउदा वा अन्य आम्दामिका श्रोतहरु खुल्न सकेनन् भने स्वतह ति घर वा सम्पतिहरु सरकारीकरण गरीनेछ । सरकारीकरण गरिएका घरहरु छात्रावासका रुपमा प्रयोग हुनेछन । हाल काठमाण्डौ उपत्याकामा १४ लाख घरहरु छन । संयुक्त राष्ट्र संघको भ्रष्टाचार विरुद्धको महासन्धि अन्तरगत मुद्धा चल्नेछ ।

४३. हामीले लामो अनुसन्धान पछि नेपाली महिलाहरु माथि लादिएका १५० वटा कुरीतीहरुको उत्पतिका कारणहरु पत्ता लगाएका छौं । यी खराव चलनहरु माथि सुधारात्मक र सकारात्मक परीवर्तन ल्याइने छ नत्र यी चलनहरुले महिलाहरुलाइ सधैं अरुको सन्तान उत्पादन गर्ने र यौनदासिको रुपमा मात्र हेर्ने नजिर बसाएको रहेछ । महिलाहरुलाइ आत्मानिर्भर आत्माविश्वासि र जोखीम मोल्न सक्ने व्यावसायीक नागरिक बनाउनु पर्नेछ । १५० वटा कुरीतिहरु पनि हामी प्रकाशन गर्नेछौं । महिलाहरुको मानसिकता परीवर्तन नभए सम्म देश परीवर्तन हुन सक्दैन ।

४४.महिला सम्बन्धमा : हर क्षेत्रमा पालो प्रणालीको विकास गरीनेछ । जस्तो एक पटक स्थानीय सरकारको प्रमुख पुरुष भयो भने अर्को पटक त्यस स्थानमा महिलाले मात्र उम्मेद्धार दिन पाउने कानुन बनाइनेछ । पशुपति नाथको मन्दिरको मुल पुजारी वा भट्ट पनि महिलालाइ बनाइनेछ । स्थानीय महिलाहरुको जिवनशैलि प्रविधि मैत्री बनाइनेछ । लुगा धुने मेसिन सबेलाइ उपलब्ध हुनेछ ।

४५. नेपाली सेनालाइ विकास सेनाको रुपमा विकास गरिनेछ । सेनालाइ ठेक्का र व्यापार गर्न दिइने छैन । सबै सकल दर्जा सेना विकासमा अनिवार्य लाग्नु पर्नेछ । वेलायतमा जस्तो वार्षिक १० प्रतिशतका दरले सेना कटौती गरीनेछ ।

४६. कर्मचारीलाइ ५८ वर्ष पछि, दलित जेष्ठ नागरिकलाइ ६० वर्ष पछि पेन्सन  वा भत्ता दिने नियमको अनत्य गरीनेछ । तर सबै जेष्ठ नागरिहहरुका लागि पेन्सन वा भत्ताको व्यावस्था अनिवार्य हुनेछ । ७५ वर्ष माथिका सबै नागरिकहरुले समान पेन्सन पाउनेछन ।

४७.  ३ करोड नेपाली र ६० लाख परीवारको सम्पति २० वर्ष पुगेदेखि वा जागिर खान थाले पछिका दिन देखि सरकारलाइ अनिवार्य बुझाउनु पर्नेछ । छानविनमा तलमाथि परे कानुन कमोजिम कारवाहि हुनेछ । सबै नागरिकहरुको स्वास्थ्य शिक्षा रोजगार सुरक्षा आदिको जिम्मा सथानीय सरकारले नै लिनेछ ।

४८. राष्ट्रिय परीचय पत्र बनाउने, नागरिकता बनाउने, पासपोट बनाउने आदि सबै काम स्थानीय सरकारले नागरिकहरु १६ वर्ष पुगेका दिन तपाइको घरमा नै ल्यायी दिनेछन ।

४९. MPI - Multi dimentional Poverty Index  अनिवार्य लागु हुने : संयुक्त राष्ट्र संघ र अक्सफोर्ड विश्वविद्यालयले तयार गरेको गरीबिका बहुआयमिक ५० वटा सुचकहरु प्रत्येक नेपाली नागरिकहरुमा पुरा गरीनेछ ।

५०.सन २०३० सम्म गौरव र बैभवले भरीपुर्ण विकसित आधुनिक औद्योगिक लोकतान्त्रीक नेपाल बनाउने हाम्रो सपना हाम्रै पालामा शूरुमा नुवाकोटवासिहरुले सास्ति संघर्ष र सफलताका कथाहरु भोग्न पाइने भयो ।

(मलाइ चुनाव र विकास रणनीतिका दस्तावेजहरु बनाउन सरसल्लाह दिने, सहयोग गरीदिने सम्पुर्ण आदरणीय स्वदेश तथा विदेशमा रहनु हुने राजनीतिज्ञ, कुटनीतिज्ञ, योजनाविद्ध, पत्रकार, कर्मचारी, कानुन व्यावसायी, अधिकारकर्मिहरु, गभर्नर, संसदहरु, मन्त्रीहरु, प्रधानमन्त्रीहरु, एनआरएनए, समाजसेवीहरु, व्यापारीहरु, गृहणीहरु, प्राध्यापक, विद्यार्थीहरु, किसान, दिदि बहिनीहरु, दाज्युभाइहरु, स्थानीय बा आमा आदि सबैलाइ हार्दिक धन्यवाद दिन चाहान्छु । हामी सबैले चाहेको खण्डमा विकसित नुवाकोट खासै टाढाको कुरा होइन् ।)